जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ५० पृष्ठः ४ | २०८३ जेठ २८ विहीबार (Thursday 11 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## आर्थिक वर्ष सकिन एक महिना बाँकी रहँदा सिँचाइको बजेट खर्च शून्य



**मणिलाल विश्वकर्मा**

लहान, २७ जेठ। कार्यालय प्रमुख नहुँदा मधेश प्रदेश सरकारअन्तर्गत ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमातहत रहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन सिराहाले आर्थिक वर्ष सकिनै लाग्दा एक रुपैयाँ बजेट पनि खर्च गर्न नसकी फ्रिज हुने जोखिम बढेको छ। चालू आर्थिक वर्ष ०८२/८३ सकिन एक महिना पाँच दिन बाँकी रहँदा मंगलबारसम्म डिभिजनले एक रुपैयाँसमेत खर्च गर्न नसकेको पाइएको हो। गत १० वैशाखमा डिभिजन प्रमुख हसमत अन्सारी मन्त्रालयमा सरुवा गरिएपछि आर्थिक कारोबार रोकिँदा विनियोजन गरिएको १० करोड रुपैयाँमध्ये मन्त्रालयले दुई करोड काटेर पठाएको आठ करोड बजेट खर्च शून्य भएको कर्मचारीहरू बताउँछन्।

डिभिजन प्रमुखको मन्त्रालय सरुवा भएपछि तत्काल आर्थिक अधिकारसहितको निमित्त प्रमुख तोकेर पठाइएको भए खर्च हुन सक्ने भए पनि प्रमुख नै नहुँदा विनियोजित बजेट फ्रिज हुन सक्ने जोखिम बढेको कर्मचारीहरू बताउँछन्। विनियोजित बजेटअन्तर्गत आर्थिक वर्ष सकिन लाग्दासम्म एक रुपैयाँ पनि बजेट खर्च नभएकाले कार्य सम्पादन मूल्यांकन फारम भर्ने वेलामा पनि समस्या हुने उनीहरूको गुनासो छ। 'कार्यसम्पादन त काम गरेपछि मात्र देखिने हो,' उनीहरूको गुनासो छ, 'विनियोजन गरिएको बजेटको एक रुपैयाँ पनि खर्च नहुँदा फारम पनि कसरी भर्ने ?'

'जेठको अन्तिम साता बित्दै गर्दा आर्थिक अधिकारसहित कार्यालय प्रमुख पठाइए पनि उपभोक्ता समिति, कोटेसन र टेन्डरमार्फत

-बाँकी तीन पेजमा

## 'आफूले समर्थन गर्ने टोलीको जर्सी लगाएर खेल हेर्न पाउँदा छुट्टै उत्साह हुन्छ'



काठमाडौं, २७ जेठ। काठमाण्डौको चन्द्रागिरी नगरपालिका-५ बस्ने ज्ञानेन्द्र सापकोटा घर वरीपरी फुटबल खेलिरहनु हुन्छ। अरू बेला फुटबल खेल्ने, हेर्ने गरे पनि हरेक ४/४ वर्षमा आउने विश्वकपको माहोल छुट्टै लाग्ने उहाँ बताउनुहुन्छ। 'अहिले विश्वकपको रौनक बढेको छ,

-बाँकी तीन पेजमा

## करार खेतीका गर्दै आएका भूमिहीन दलितलाई हाते ट्याक्टर सहयोग

**मणिलाल विश्वकर्मा**




सिरहा, २७ जेठ। भूमिहीन दलित परिवारलाई भाडामा लिइएको जग्गामा खेतीपाती गर्न हाते ट्याक्टर उपलब्ध गराइएको छ। पूर्वपश्चिम हुलाकी सडकनजिकै रहेको सिराहाको दक्षिणी सीमावर्ती नवराजुर गाउँपालिका अन्तर्गत पर्ने पाँच वडा क्षेत्रमा बसोवास गरिरहेका भूमिहीन दलितहरुलाई खेतीपाती गर्न सहजताका लागि १२ वटा हाते ट्याक्टर वितरण गरिएको हो। गाउँपालिकामा पर्ने पाँच वडाअन्तर्गत बसोवास गरिरहेका भूमिहीन दलितहरु आफैंले चलाइरहेका ३८ वटा कृषक समूहमध्ये १२ वटा समूहलाई सोमबार स्थानीय जनप्रतिनिधिहरुको उपस्थितिमा हाते ट्याक्टर दिइएको हो। नवराजपुर गाउँपालिका कार्यालयसहित लहानस्थित दलित जनकल्याण युवा क्लव र मेनोनाइट सेन्ट्रल कमिटीको सहकार्यमा १२ समूहमा आबद्ध रहेका ३०४ सदस्यले पालैपालो प्रयोग गर्ने गरी आठ लाख ४२ हजार ९५३ रुपैयाँ बराबरको हाते ट्याक्टर दिइएको हो। 'हाते ट्याक्टरसँगै इञ्जिन र गियर तेल तथा डिजल उपलब्ध गराएको क्लवका अध्यक्ष उमेकुमार विसुन्केले जानकारी दिए।

प्रायः कृषि मजदूरी गरेर जीविका चलाउँदै आएका स्थानीय भूमिहीन दलितहरुलाई एकीकृत जीविकोपार्जन तथा कृषि सुधार परियोजनाअन्तर्गत पालिकासँगको सहकार्यमा खेतीपातीसहित आयआर्जन सम्बन्धी काम गर्न आर्थिक सहयोग उपलब्ध गराइएको सामाजिक परिचालक सन्तोषकुमार विसुन्केले बताए। उनका अनुसार समूहका सदस्यहरुले लिजमा लिइएको जग्गामा अन्न तथा तरकारी खेती, बालबालिका शिक्षा, आयआर्जनका लागि किराना पसल, घुम्ती कपडा पसल संचालन गर्न सहयोग उपलब्ध गराइएको हो। 'हाते ट्याक्टर चलाउन तालिमसहित हरेक समूहमा एक-एक जना चालक समेत तोकिएका छन्' उनले भने।

नवराजपुर ३ फूलबरिया गाउँस्थित ओमशान्ति कृषक समूहकी अध्यक्ष समेत रहेकी करिब ३७ वर्षीया सुलेना सदायका अनुसार परियोजनामार्फत वार्षिक ४१ हजार एक सय रुपैयाँमा लिजमा लिइएको दुई बिघा साढे पाँच कट्ठा जग्गा साढे चार कट्ठाका दरले १० भूमिहीन परिवारले खेती गरिरहेका छन्। 'सधैं कृषि मजदूरी गरेर पेट पाल्दै आएका स्थानीय भूमिहीन दलितहरुका लागि जग्गा बोहक बीउविजन, टेलमा स्वच्छ खानेपानीका लागि कल जडान,

-बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**बिल-बिजकको प्रयोग अनिवार्य गरौं।**

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल–बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## विपक्षले पनि सत्तापक्ष जस्तै हठ नगरोस् !

प्रतिनिधि सभाको चालु अधिवेशन अहिलेसम्म औपचारिकता र अवरोधका बीच रुमल्लिएको देखिन्छ। नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र आयव्ययको अनुमानित विवरण बजेट प्रस्तुत हुनेबाहेक अरू समय प्रतिनिधि सभा लगभग अवरुद्ध ने छ। विवादको केन्द्रमा प्रधानमन्त्री बालेन्द्र शाह रहेका छन्। राष्ट्रपति रामचन्द्र पौडेलद्वारा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भइरहेकै समयमा प्रधानमन्त्री शाह प्रतिनिधि सभाको बैठक बीचैमा छाडेर निस्केपछि सुरु भएको विवाद मत्थर हुँदा नहुँदै उनको सीमासम्बन्धी अभिव्यक्तिले पुनः विवाद बल्झायो।

'नेपालले पनि भारतको भूमि मिचेको रहेछ' भन्ने प्रधानमन्त्री शाहको अभिव्यक्ति संसद्को अभिलेखबाट हटाउनेदेखि उनले स्पष्टीकरण दिनुपर्नेसम्मका माग विपक्षी सांसदहरूले राखेका छन्। सभामुख डोलप्रसाद अर्याल भने संसदीय प्रक्रिया मिच्न बरु तत्पर देखिन्छन् तर प्रधानमन्त्रीलाई संसद्मा उपस्थित हुने निर्देश दिने आँट गरिरहेका छैनन्। यस्तो स्थिति धेरै दिन रहँदा अन्ततः संसदीय पद्धति र विपक्षलाई ने हानि हुने हो। संसद्को बैठक नियमितरूपमा सञ्चालन भए विपक्षले राष्ट्रिय महत्त्व र जनहितका विषयमा कम्तीमा प्रश्न गर्ने मौका त पाउँछन् ? प्रधानमन्त्री शाह, सभामुख अर्याल र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले संसदीय प्रक्रिया र लोकतन्त्रका मूल्य मान्यतालाई खासै महत्त्व नदिएको स्पष्ट जो भइसकेको छ।

हुनत संसदीय लोकतन्त्रको परम्पराअनुसार प्रधानमन्त्री संसद्प्रति पूर्णतः उत्तरदायी हुनुपर्ने हो। संसद् अवरुद्ध हुँदा प्रधानमन्त्री सफल हुनसक्दैन। प्रतिनिधि सभाको गरिमा जोगाउने र प्रधानमन्त्रीलगायत सबैलाई उत्तरदायी बनाउने जिम्मेवारी सभामुखको हो। तर, संसद् अधिवेशनपछिका दिनहरू हेर्दा प्रधानमन्त्री शाह वा सभामुख अर्याल पदअनुसारको दायित्व पूरा गर्न उदासीन देखिएका छन्। विपक्ष पनि प्रधानमन्त्री वा सभामुखजस्तै संसदीय गरिमाप्रति उदासीन रहने हो भने संसद्प्रति बचेखुचेको जनविश्वास समाप्त हुनेछ। यसले संसदीय लोकतन्त्रप्रति नै जनतामा वितृष्णा जगाउन सक्छ। संसदीय अभ्यास लामो समयसम्म गरेको विपक्ष पनि नयाँ दलजस्तै गैरजिम्मेवार बन्नु हुँदैन। विडम्बना,विपक्ष त भन् नेपाली कांग्रेसको अग्रसरतामा संसद् अवरोध कायमै राख्ने निर्णय गर्न पुगेको छ।

सरकारका गलत क्रियाकलापमा प्रश्न उठाएर जवाफदेही बनाउने दायित्व पक्कै पनि विपक्षको प्रमुख कर्तव्य हो। त्यसमाथि सीमासम्बन्धमा संसद्मै प्रधानमन्त्रीको अभिव्यक्ति विवादास्पद हुँदा विपक्ष मौन रहन सक्तैन। विपक्षले उनको अभिव्यक्ति संसद्को अभिलेखबाट हटाउनुपर्ने र प्रधानमन्त्री शाहले माफी माग्नु पर्नु माग गरेको छ। संसद्प्रति जिम्मेवार हुने हो भने यी माग पूरा गर्न खासै अप्ठेरो नहुनुपर्ने हो। प्रधानमन्त्री वा सभामुखले विपक्षको मागलाई सम्मान गर्ने लक्षण देखिएको छैन। सम्भवतः बजेट पारित भएको घोषणा गरेपछि संसद्को अधिवेशन अन्त्य गर्ने ताकमा सत्तापक्ष रहेको हुनसक्छ। यसैले पनि विपक्षले संसद् अवरोध नगरी जति सम्भव हुन्छ जनताका पक्षमा रणनीतिक उपयोग गर्नु बुद्धिमानी र संसदीय अभ्यासअनुरूप हुने देखिन्छ।

प्रधानमन्त्री शाहका अभिव्यक्तिलगायत सरकारका गलत र अलोकतान्त्रिक क्रियाकलापको विरोध जारी राख्दै पनि संसद्को नियमित प्रक्रिया र अभ्यास सञ्चालन गरेर जनताप्रतिको दायित्व पूरा गर्न विपक्ष तयार हुनुपर्छ। सभामुख अर्यालले पनि विपक्षलाई संख्याका आधारमा अवमूल्यन गर्नु उचित हुँदैन। विपक्षको उचित सम्मान गर्ने सभामुख नै सफल मानिन्छन्।

### *करार खेतीका ...*

सिंचाईका लागि बोरिङ समेत सहयोग पाएका छौं,' उनले भनिन् 'जग्गा पाएकाहरु आफैंले अन्न तथा तरकारी खेती गर्दा हातमुख जोड्नका लागि त्यति तनाव झेल्नु परेको छैन।'

त्यस्तै, छिमेकी बरियारपट्टि गाउँपालिका ५ बाहेक चार वटा वडाका आठ समूहलाई पनि मंगलबार जनप्रतिनिधिहरुको उपस्थितिमा पाँच लाख ६१ हजार ९६८ रुपैयाँ मूल्यको एक–एक थान हाते ट्याक्टर उपलब्ध गराइएको परियोजना संयोजक लालप्रसाद पोखरेलले जानकारी दिए। उनका अनुसार बरियारपट्टिको १, २, ३ र ४ नम्बर वडा का ४० परिवारलाई खेतीपातीका लागि वार्षिक लिजमा छ बिघा नौ कट्ठा १७ धुर जग्गा उपलब्ध गराइएको छ। 'उपलब्ध गराइएको जग्गामा समूहमा आबद्ध भूमिहीन दलितहरुले खेती गरी आफ्नो अवस्था उकास्न थालेका छन्।'

बरियारपट्टि ३ का वडाध्यक्ष विनोदकुमार यादव भन्छन् 'सामूहिक लिजमा उपलब्ध गराइएको जग्गामा खेतीपाती गरिरहेकासहित सबै दलित परिवारको सुरक्षित बसोवास, बालबालिकाको शिक्षा, सरकारसफाइ, आचरण सुधार लगायतका क्षेत्रको सुधारका लागि वडास्तरबाट पनि प्रयास गरिरहेका छौं।'

# बिचौलियाको नियन्त्रणमा राज्यका नियमनकारी निकाय

## सरकारले सुशासनको नारालाई सार्थक बनाउन यस्ता गम्भीर वित्तीय अपराध र नीतिगत भ्रष्टाचारमाथि निर्मम बन्नैपर्छ



जीवन पौडेल

मुलुकको वित्तीय स्थायित्व, लगानीकर्ताको सुरक्षा र समग्र अर्थतन्त्रको सुशासन नियामक निकायहरूको व्यावसायिकता, स्वायत्तता र प्रभावकारितामा निर्भर गर्छ। नियमनकारी निकायहरू चनाखो र उत्तरदायी भएमात्र वित्तीय प्रणालीमा विधिको शासन कायम हुन सक्छ। नेपालको पुँजी बजार र बीमा क्षेत्रमा भने पछिल्ला केही वर्षयता भएका नीतिगत निर्णयहरू मसिनो गरी केलाउँदा 'रेगुलेटरी क्याप्चर' (नियामक कब्जा) को डरलाग्दोरूप सतहमा आउँछ। कानुनी छिद्रहरूको दुरुपयोग, बजार क्षमताको उपेक्षा र बिचौलियाको स्वार्थमा नीति नियम नै संशोधन गर्ने प्रवृत्तिले नेपालको वित्तीय सुशासनलाई गम्भीर संकटतर्फ धकेलेको छ।

**१. पहिलो कडी – हिमालयन री–इन्स्योरेन्स**

देशमा वार्षिक २० अर्ब रुपैयाँको पनि पुनर्बीमा बजार नभएको र १५ अर्ब रुपैयाँको अधिकृत पुँजीसहितको सरकारी पुनर्बीमा कम्पनी क्रियाशील रहेको अवस्था छ। यस्तो स्थितिमा षड्यन्त्रपूर्ण तवरले सर्वप्रथम हिमालयन री–इन्स्योरेन्सलाई पुनर्बीमा व्यवसायको अनुमतिपत्र (लाइसेन्स) दिइयो। धितोपत्र बोर्डका तत्कालीन प्रमुखले यसै कम्पनीलाई प्रतिशेयर १०६ रुपैयाँ प्रिमियममा सार्वजनिक निष्कासन (IPO) को अनुमति पनि दिए। यस कम्पनीले बीमा ऐन, २०७९ को दफा ६९(१)(ज) र पुनर्बीमकहरूको लगानी निर्देशिका, २०७९ विपरीत हुने गरी हिमालयन क्यापिटल लिमिटेडमा ९० करोड रुपैयाँ र हिमालयन सेक्युरिटिज बैंकिङ प्रा. लि.मा १५ करोड रुपैयाँ लगानी गर्‍यो।

सर्वसाधारण र बीमितबाट संकलन गरिएको सार्वजनिक कम्पनीको यो कुल १०५ करोड रुपैयाँ रकम कानुनविपरीत बिचौलियाको मनखुसीमा प्रयोग भयो जसले दोस्रो बजारमा समेत कृत्रिम चलखेल खडा गरी सर्वसाधारण लगानीकर्तालाई डुबाउने काम गर्‍यो। नब्बे करोड रुपैयाँ लगानी गरिएको संस्थाको कुनै पनि वित्तीय सूचना सार्वजनिक डोमेनमा उपलब्ध नहुनुले ठगीको तह पुष्टि गर्छ।

वित्तीय बजारमा नियामक निकायहरू सबैभन्दा शक्तिशाली 'वाचडग' (पहरेदार) हुन्। तिनीहरूको प्रणालीगत पूर्वस्वीकृति र नियमित निगरानीविना कुनै पनि पब्लिक कम्पनीले एकैपटक ठूलो मात्रामा कोष स्थानान्तरण गर्नै सक्दैनन्। कारोबारी दीपक भट्ट समूहले नियमनकारी निकायहरूको नजर छलेर, उनीहरूले सूचना नै नपाई वा जानकारी नै नभई हिमालयन री लगायतका सार्वजनिक कम्पनीहरूबाट ४ अर्ब रुपैयाँभन्दा बढीको विशाल रकम आफ्नो निहित स्वार्थका लागि अपचलन गर्न सम्भव नै थिएन। यति ठूलो मात्रामा सर्वसाधारणको पुँजी र बीमितको पैसा 'डाइभर्ट' भइरहँदा पनि नियमनकारी नेपाल बीमा प्राधिकरण र धितोपत्र बोर्डले देखाएको रहस्यमय मौन र अकर्मण्यताले अपराधमा तिनको 'संस्थागत मतियारी' र मिलेमतो भएको स्वतः देखिन्छ।

**२. सेटिङमा लघुबीमाको अनुमतिपत्र**

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूका लागि अनिवार्यरूपमा प्राथमिकता प्राप्त क्षेत्र (कृषि, ऊर्जा, र विपन्न क्षेत्र) मा लगानी गर्न स्पष्ट निर्देशिका जारी गरेर वित्तीय पहुँच पुऱ्याएको सफल मोडेल देशमा स्थापित छ। ठ्याक्कै यही व्यवस्थाअनुरूप नेपाल बीमा प्राधिकरणले पनि हाल सञ्चालनमा रहेका १४ जीवन र १४ निर्जीवन बीमा कम्पनीहरूलाई आफ्ना देशव्यापी शाखाहरू र संयन्त्रमार्फत अनिवार्यरूपमा 'लघु बीमा' कार्यक्रम सञ्चालन गर्न निर्देशन दिन सक्ने पूर्ण प्राविधिक र कानुनी अवस्था विद्यमान थियो।

स्थापित कम्पनीहरूबाटै विपन्न वर्गसम्म बीमा सेवा सहजै पुऱ्याउन सम्भव हुँदाहुँदै त्यो विकल्पलाई पूर्णतः मिचियो। अनि २०७९ सालको संसदीय निर्वाचनको ठीक मुखमा राज्यका सबै अंग र निकायहरूको सेटिङमा एकैपटक ७ वटा लघु बीमा कम्पनीको अनुमतिपत्र जारी गरियो। यी लाइसेन्सहरूको वितरण व्यवसायको आवश्यकता वा बजारको क्षमता हेरेर गरिएको नै थिएन। नेपाल माइक्रो इन्स्योरेन्सलगायतका यी कम्पनीहरू हाल व्यावसायिक सञ्चालनको तेस्रो वर्षमा छन्। सञ्चालनमा रहेका कुल २८ वटा बीमा कम्पनीलाई नै बजार नपुगेको अवस्थामा, कुल बजारको जम्मा १ प्रतिशत हिस्सा पनि नभएको क्षेत्रका लागि थप ७ कम्पनी थप्नु वित्तीय अपराध थियो। यसलाई हालको यो तथ्याङ्कले पुष्टि गर्छ –

| कम्पनी प्रकार | वार्षिक प्रिमियम सङ्कलन | कुल दाबी भुक्तानी |
|---|---|---|
| ३ जीवन लघु बीमा | रु. ८४ करोड | जम्मा रु. २१ लाख |
| ४ निर्जीवन लघु बीमा | रु. ९५ करोड | जम्मा रु. १४ लाख |

**३. चोर बाटोबाट संस्थापक प्रवेश**

निर्वाचनको मुखमा ती ७ वटा लघु बीमा कम्पनीको अनुमतिपत्र जारी गरिएपछि यसै समूहको जगमा 'चोर बाटो'बाट संस्थापक छिर्ने अर्को खेल सुरु भयो। कम्पनी ऐन, २०६३ को दफा २ (फ) अनुसार कम्पनी दर्ता गर्दा प्रबन्धपत्र र नियमावलीमा हस्ताक्षर गर्ने व्यक्तिमात्रै 'संस्थापक' हुन सक्छन्।

तर, २०७९ सालमा लाइसेन्स पाएका यी कम्पनीहरूमा प्रबन्धपत्रमा नामै नभएका र हस्ताक्षर नगरेका प्रभावशाली व्यक्ति तथा व्यावसायिक घरानाहरू कानुनविपरीत संस्थापक शेयरधनी बने। दर्ताको समयमा 'डमी' पात्रहरू खडा गरी हस्ताक्षर गराउने र लाइसेन्स सुनिश्चित भएपछि भित्री सेटिङका आधारमा वास्तविक मालिकहरू भित्रिने यो प्रवृत्तिले कानुनकै उपहास गरेको छ। नियमनकारी निकायले ५ वर्षे 'लक–इन पिरियड' को प्रावधानसमेत बेवास्ता गर्दै यस्ता हस्तान्तरणलाई स्वीकृति दियो।

यो खेलको सबैभन्दा बिफाउने पाटो त के छ भने सार्वजनिक निष्कासन अगावै सेटिङमार्फत कानुनविपरीत संस्थापक सेयर हडप्ने यो अवैध दौडमा देशका ठूला भनिएका सञ्चार गृह र समाजका 'प्रबुद्ध' व्यक्तिहरूसमेत हिस्सेदार बने। यसले नेपाली समाजमा एउटा डरलाग्दो भाष्य (न्यारेटिभ) स्थापित गरिदिएको छ – मौका पाएमा बिचौलियामात्र होइन सुशासनको वकालत गर्ने सञ्चार माध्यम र कथित बौद्धिक वर्गसमेत राज्यको स्रोत दोहन गर्न र कानुन मिच्न पछि पर्दैनन्।

**४. दोस्रो स्टक एक्सचेन्जको शकुनी खेल**

जम्मा ५० खर्ब हाराहारीको नेपालको पुँजी बजारमा दोस्रो स्टक एक्सचेन्जको आवश्यकता कतैबाट पुष्टि हुँदैन। हाल भइरहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) लाई सुधार गर्नुको साटो तत्कालीन नेप्से प्रमुख बिचौलियाको आयोजनामा प्रविधि खरिद गर्ने निहुँमा मुम्बई भ्रमणमा जानु पदीय मर्यादाविपरीत थियो। तर, राष्ट्रिय हितविपरीतको यो अर्को ठूलो वित्तीय अपराध हुनबाट देश जोगिएको छ। पूर्व अर्थसचिव रामेश्वर खनालको संयोजकत्वमा गठित कार्यदलले वस्तुनिष्ठ अध्ययन गर्दै दोस्रो स्टक एक्सचेन्ज आवश्यक नरहेको ठहरसहित यसको इजाजत प्रक्रियालाई पूर्ण रूपमा खारेज गरिदियो जसले नेपालको पुँजी बजारलाई एउटा ऐतिहासिक दुर्घटनाबाट बचाएको छ।

**५. सत्ताको साँचो र बिचौलिया राज**

नेपालको राजनीति र प्रशासनिक संयन्त्रमा बिचौलियाहरू कुन तहसम्म प्रभावकारी छन् भन्ने सबैभन्दा प्रष्ट प्रमाण धितोपत्र बोर्ड (सेबोन) को अध्यक्ष नियुक्ति प्रकरण हो। एउटा नियामक निकायको प्रमुख आफ्नो अनुकूलको व्यक्ति बनाउन बिचौलियाहरूले देशको तालुकदार मन्त्रालयमात्र होइन सिंगो राजनीतिक नेतृत्वलाई नै प्रभावित पारे। सेबोन अध्यक्ष नियुक्तिको यही स्वार्थको टकराव र दाउपेचले तत्कालीन अवस्थामा केन्द्रको सत्ता समीकरण नै परिवर्तन गरिदिएको सन्दर्भ यहाँ स्मरणीय छ। नियामक निकायको कुर्सी हत्याउन देशको सरकार नै फेरिदिने बिचौलियाहरूको यो तहको पहुँचले नेपालको सार्वभौम प्रशासनिक साख र कानुनी प्रणालीलाई नै गम्भीर रूपमा कङ्गाल बनाएको छ।

**६. बिचौलिया सिर्जित धमिलो साम्राज्य**

यो आलेख सार्वजनिक डोमेनमा उपलब्ध सीमित सूचना, कम्पनीका वित्तीय विवरण र सञ्चारमाध्यममा आएका खोजमूलक रिपोर्टका आधारमा मात्र तयार गरिएको हो। यसरी बाहिर आएका सीमित र खुला विवरणहरूको सामान्य विश्लेषण गर्दा पनि नेपालको वित्तीय क्षेत्र र नियामक निकायहरूको यति भयानक र निराशाजनक रूप देखिन्छ।

राज्यका अनुसन्धानकारी निकायहरूले तिनका आन्तरिक अभिलेख, भित्री पत्राचार, डिजिटल डिभाइसका च्याट कम्युनिकेसन, वैदेशिक खाता र वास्तविक बैंकिङ कारोबारको फाइल नै खोलेर गहिरो अनुसन्धान गर्ने हो भने देशको यथार्थ हालत देख्न सकिनेछ। यो तस्बिर सायद अझ बढी भयावह हुनसक्छ। राज्यका नीति निर्माण र नियामकका बन्द कोठाभित्र बिचौलियाहरूले संस्थागत गरेको यो धमिलो साम्राज्यको वास्तविक ऐना 'इनसाइडर' अभिलेखको फरेन्सिक जाँचबाट मात्रै छर्लङ्ग हुन सक्छ।

**७. सीआईबी अनुसन्धान र भावी दिशा**

यस पृष्ठभूमिमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले दीपक भट्टमाथि सुरु गरेको अनुसन्धानलाई तार्किक निष्कर्षमा पुऱ्याउनु अपरिहार्य छ। ब्युरोले आफ्नो अनुसन्धानलाई वस्तुनिष्ठ, वैज्ञानिक र कानुनीरूपमा अकाट्य बनाउन आवश्यकताअनुसार वित्तीय फरेन्सिक परीक्षण र स्वतन्त्र आर्थिक विज्ञहरूको सेवासमेत लिनुपर्छ। 'जेन–जी' (भदौ–२) आन्दोलन र युवा चेतनाको जगमा बनेको नयाँ सरकारले सुशासनको नारालाई सार्थक बनाउन यस्ता गम्भीर वित्तीय अपराध र नीतिगत भ्रष्टाचारमाथि निर्मम बन्नैपर्छ।

पछिल्ला वित्तीय महाघोटालाहरूले देशमा परम्परागत अनुसन्धानकारी संयन्त्रहरूमात्र पर्याप्त नरहेको पुष्टि गरिसकेका छन्। प्राविधिकरूपमा अत्यन्तै जटिल बन्दै गएका यस्ता गम्भीर प्रकृतिका वित्तीय अपराधहरू, इनसाइडर ट्रेडिङ र नियामक कब्जाका पाटाहरू केलाउन बैंकिङ, पुँजी बजार, बीमा र डिजिटल फरेन्सिक क्षेत्रका विषयगत विज्ञहरू सम्मिलित एक शक्तिशाली र अधिकार सम्पन्न 'वित्तीय अपराध अनुसन्धान प्राधिकरण' को स्थापना झन् आवश्यक देखिएको छ। राजनीतिक र प्रशासनिक हस्तक्षेपबाट पूर्णतः मुक्त रहने यस्तो विशिष्टीकृत स्वायत्त निकायविना भविष्यमा सर्वसाधारण लगानीकर्ता र राज्यकोषलाई बिचौलियाहरूको चंगुलबाट जोगाउन असम्भव प्रायः छ।

पुनर्बीमा व्यवसायको अनुमतिपत्र

–बाँकी तीन पेजमा

### *बिचौलियाको...*

हत्याउने, निर्वाचनको मुखमा स्थापित कम्पनीहरूको क्षमता बेवास्ता गरी ७ लघु बीमा कम्पनी खडा गर्ने, र सार्वजनिक कम्पनीहरूको ४ अर्ब रुपैयाँभन्दा बढी रकम नियामककै संरक्षणमा बिचौलियाको मनखुसीमा दुरुपयोग गर्ने जस्तो संगठित प्रपञ्च अब सदाका लागि तोडिनुपर्छ। सीआईबीको कडा र पारदर्शी अनुसन्धान तथा राज्यको निर्मम सुशासनले मात्र भविष्यमा यस प्रकारका गम्भीर वित्तीय महाघोटालाबाट सर्वसाधारण लगानीकर्ता ठगिनुपर्ने अवस्थाको अन्त्य गर्नेछ र पुँजी बजारमा विधिको शासन पुनर्बहाली हुनेछ।

(लेखक वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट हुन्) बाह्रखरीबाट

### *आर्थिक वर्ष ...*

गरिनुपर्ने योजना कार्यान्वयन गर्न गाह्रो छ,' उनीहरूले भने। योजना कार्यान्वयनका लागि १५ जेठपछि उपभोक्ता समिति नै गठन गर्न नमिल्ने, टेन्डर वा कोटेसन गर्दा पनि सात दिन र १५ दिनको म्याद दिइनुपर्ने हुँदा त्यतिन्जेलसम्म मध्यबर्खाको असार हुने भएकाले काम गर्न प्राविधिक रूपले पनि कठिनाइ रहेको बताइएको छ।

आ.व. ०८२/८३ का लागि डिभिजनअन्तर्गत जिल्लाका विभिन्न ठाउँका लागि आठदेखि १६ लाख रुपैयाँसम्मका सतह सिँचाइसम्बन्धी योजनाहरू परेको कार्यालयले जनाएको छ। छुट्याइएको बजेटअनुसार योजना कार्यान्वयनका लागि समयमै डिभिजन प्रमुख नपठाउँदा बजेट नै फ्रिज हुने जोखिम बढेकाले त्यसको मार किसानले खेप्नु पर्ने सिराहा–२० का किसान रामउदगार यादवले गुनासो गरे।

**मन्त्रालयकै खर्च प्रगति न्यून**

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेलले मंगलबार मात्र आर्थिक अधिकारसहितको प्रमुख तोकेर पठाइएको दाबी गरे। आर्थिक वर्ष सकिनै लाग्दा पठाइएका प्रमुखले बर्खाको समयमा कसरी काम गर्छन् भन्ने प्रश्नमा उनले उपलब्ध जनशक्ति परिचालन गरी काम गरिने उल्लेख गरे। प्रदेश सचिव पौडेलले आर्थिक अधिकारसहितको प्रमुख तोकेर पठाइसकेको दाबी गरिरहँदा तत्कालीन प्रमुख अन्सारीको सरुवापछि वरिष्ठताको आधारमा निमित्तको रूपमा दैनिक कामकाज हेरिरहेका आठौँ तहका इन्जिनियर मो. इनुस राइनले भने त्यसबारे लिखित जानकारी नआएको बताए।

आर्थिक वर्ष ०८२/८३ का लागि मन्त्रालयका लागि चालुतर्फ विनियोजित ५६ करोड ५५ लाख दुई हजार ९७० रुपैयाँ र पुँजीगततर्फ तीन अर्ब ८७ करोड ६६ लाख ८८ हजार रुपैयाँमध्ये खर्च प्रगति समग्रमा १२.५६ प्रतिशत मात्र रहेको छ। प्रदेश लेखा नियन्त्रण कार्यालयका अनुसार २५ जेठसम्मको खर्च प्रगति विवरणबमोजिम निकासा खर्च चालुतर्फ २३ करोड २२ लाख ८५ हजार ४३१ रुपैयाँ (४१.०८ प्रतिशत) र पुँजीगततर्फ ३२ करोड ५८ लाख २४ हजार २०६ (८.४० प्रतिशत) रुपैयाँ गरी कुल ५५ करोड ८१ लाख नौ हजार ६३८ रुपैयाँ (१२.५६ प्रतिशत) खर्च भएको छ।

### *'आफूले समर्थन...*

सबैले आ–आफ्नो मन पर्ने टोलीको जर्सी लगाएर फुटबल हेर्दा रमाइलो लाग्छ,' ज्ञानेन्द्र भन्नुहुन्छ, 'यो बेला जर्सीको सेट, जुत्ता र फुटबल किनेर खेल्दा मनोरञ्जन हुन्छ।'

नेपालमा पनि फुटबल खेल्ने र प्रतियोगिता हेर्न रुचाउने खेलप्रेमी धेरै छन्। आफ्नो देशले अहिलेसम्म विश्वकप फुटबल खेल्न नसके पनि यो प्रतियोगिताले सिकाइमा सकारात्मक प्रभाव पार्ने सापकोटाको बुझाइ छ। 'आफ्नो शरिरको स्वास्थ्यका लागि खेलकुद महत्त्वपूर्ण हुन्छ,' उहाँ भन्नुहुन्छ,'नेपाल विश्वकप खेल्ने देश नभए पनि यहाँ फुटबल प्रेमी धेरै छन्। अरू देशले खेलेको हेरेर, सिकेर अघि बढ्दै गए हामी पनि विश्वकपमा पुग्न सफल हुनेछौं भन्ने आशा छ।'

शहरमा मात्रै होइन विश्वकप फुटबलको उत्सव गाउँघरमा पनि उत्तिकै हुन्छ। यतिबेला खेल सामग्री बेचबिखन हुने पसलमा अहिले जर्सी तथा बलका लागि खेलप्रेमी पुगिरहेका छन्। फुटबल प्रेमीहरू विशेषगरी आफूले समर्थन गर्ने टोलीको जर्सी लगाएर खेल हेर्न पाउँदा छुट्टै उत्साह हुने बताउँछन्। 'अहिलेको विश्वकप पहिलेभन्दा केही फरक छ, नयाँ टोली, नयाँ खेलाडीहरुको समावेशले प्रतियोगितामा थप रौनकता थपेको छ, काठमाण्डौको नैकापबाट त्रिपुरेश्वरमा जर्सी किन्न आएका आदर्श श्रेष्ठ,' भन्नुहुन्छ, 'सानैदेखि फुटबल खेल्ने भएर होला हरके चार वर्षमा एक पटक आउने विश्वकपमा रङ्ग लाग्छ।'

विश्वकप नजिकिँदै जाँदा युवाहरू मात्र होइन, बालबालिका र अरू उमेर समूहका समेत जर्सी किन्न पुगिरहेका छन्। अर्जेन्टिना, ब्राजिल, फ्रान्स, पोर्चुगल, स्पेन र इंग्ल्यान्डका जर्सीको माग बढेको व्यवसायीहरू बताउँछन्। केही महिनादेखि सुस्त रहेको खेल सामग्रीको व्यापार विश्वकपको माहोलसँगै चलायमान भएको बताउनुहुन्छ, व्यवसायी लक्ष्मी श्रेष्ठ। 'विश्वकप खेल्ने फुटबल टोलीको जर्सीको व्यापार पहिले जस्तो त छैन तर हुँदै नभएको पनि होइन, ठीकठीकै छ व्यापार,' उहाँ भन्नुहुन्छ, 'नवयुवा आन्दोदन पछि खेलकुदका सामग्रीको किनबेच कम भएको थियो तर अहिले विश्वकप आएपछि व्यापारमा केही सुधार हुँदै गएको छ।

फुटबलको सबैभन्दा ठूलो महाकुम्भ फिफा विश्वकप–२०२६ यहि बिहिवार रातिदेखि शुरू हुँदैछ। ४८ टोली सहभागी हुने यो संस्करण अहिलेसम्मकै सबैभन्दा ठूलो विश्वकप मानिएको छ। विश्वभर फुटबलको रौनकसँगै नेपालमा पनि त्यसको उत्साह र चहलपहल देखिन थालेको हो।

# संरक्षणको प्रतीक्षामा जनकपुर चुरोट कारखाना : आफ्नो मातहतमा ल्याउने प्रयासमा प्रदेश



**लक्ष्मी चौधरी**

जनकपुरधाम, २७ जेठ। जनकपुरमा ३३ बिघा छ कट्ठामा फैलिएको जनकपुर चुरोट कारखाना छ तर त्यहाँ चुरोट उत्पादन हुँदैन, मधेश प्रदेशको नीति निर्माण, विकास निर्माण खाका उत्पादन हुन्छ। कारखानापरिसरमा मधेश प्रदेश सरकारको स्थापना भएको छ। त्यहाँ मुख्यमन्त्रीको कार्यालयदेखि विभिन्न मन्त्रालय, मुख्यमन्त्री, मन्त्रीहरू निवाससम्म त्यहीँ छन्। मधेश प्रदेशका लागि सरकारले चुरोट कारखानालाई तत्कालका लागि मात्र प्रयोगमा ल्याएको छ। मधेश प्रदेश (प्रदेश नम्बर २) स्थापना भएको झन्डै नौ वर्ष हुन लागेको छ तर अझै त्यसको विकल्प खोज्ने कसैको ध्यान गएको छैन।

चुरोट कारखाना पुनः सञ्चालन गर्ने सरकारको योजना छैंदै छ। बेला बेलामा त्यसको चर्चा नभएको होइन तर चर्चा व्यवहारमा कार्यान्वयन भएको छैन। एक समय देशकै सबैभन्दा बढी राजस्व बुझाउने उद्योगमध्ये एक रहेको यो कारखानाले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पाँच हजारभन्दा बढीलाई रोजगारी दिएको थियो। हजारौं परिवारको जीविकोपार्जन यसै उद्योगसँग जोडिएको थियो तर अहिले त्यही कारखाना संरक्षणको अभावमा खण्डहरमा परिणत हुँदै गएको छ।

तत्कालीन सरकारकै निर्णय अनुसार २०७० असार २० गतेबाट जनकपुर चुरोट कारखाना पूर्ण रूपमा बन्द भएको थियो। तत्कालीन मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीको नेतृत्वको तत्कालीन सरकारले जनकपुर चुरोट कारखानामा कार्यरत कर्मचारीलाई अवकाश दिने निर्णय गरेको थियो। त्यसयता जनकपुर चुरोट कारखाना अहिलेसम्म बन्द छ। हरेक सरकारले कारखाना सञ्चालन गर्ने चर्चा गर्छन् तर ठोस रूपमा कसैले पहल लिएको देखिँदैन।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव कल्पना श्रेष्ठका अनुसार कारखानाको सम्पत्ति, दायित्व, मेसिन तथा उपकरणको अवस्थाबारे विस्तृत अध्ययन भइरहेको छ। अध्ययन प्रतिवेदन प्राप्त भएपछि मात्र पुनः सञ्चालनको सम्भावना र आगामी योजनाबारे स्पष्ट निष्कर्ष निकाल्न सकिने उहाँले बताउनुभयो तर मधेश सरकारले त्यसलाई प्रदेश सरकारको सचिवालय स्थायी रूपमा बनाउने प्रयास गरिरहेको छ। मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेश सरकारले चुरोट कारखानाको जग्गा तथा भवन आफ्नोमातहतमा ल्याउने प्रयास भइरहेको बताउनुभयो।

यसका लागि संघीय सरकारसँग पहल भइरहेको उहाँले बताउनुभयो। पूर्वमुख्यमन्त्री एवं जनता समाजवादी पार्टी नेपालका नेता लालबाबु राउतले आफू मुख्यमन्त्री रहेका बेला नै कारखानाको जग्गा आफ्नोमतहतमा ल्याउने प्रयास गरेको तर तत्कालीन सरकारले सफल हुन नदिएको गुनासो गर्नुभयो। सरकारले चुरोट कारखाना सञ्चालन गर्न असमर्थ छ। स्वास्थ्यको दृष्टिकोणले पनि चुरोट कारखाना सञ्चालन हुनु हुँदैन भने पक्षमा मधेश सरकार रहेको उहाँले बताउनुभयो। आफ्नोमतहतमा ल्याउन सरकार अझै पहल गरिरहेको उहाँले बताउनुभयो।

**रुसको सहयोगमा स्थापना**

२०२१ सालमा तत्कालीन राजा महेन्द्र वीरविक्रम शाहदेवको पहलमा तत्कालीन सोभियत संघ (रुस) सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा स्थापना गरिएको कारखाना नेपालका प्रमुख सरकारी उद्योगमध्ये एक थियो। जहाँ देउराली, गैंडा, लालीगुराँस, लाहुरे, सिंह र याक जस्ता चर्चित चुरोट ब्रान्ड उत्पादन गर्ने यो उद्योगले लामो समयसम्म राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो।

तर २०४६ सालपछि आएको राजनीतिक परिवर्तन, व्यवस्थापन कमजोरी, बढ्दो प्रतिस्पर्धा तथा बदलिँदो बजार परिस्थितिका कारण उद्योग क्रमशः कमजोर बन्दै गयो र अन्ततः सञ्चालनविहीन अवस्थामा पुग्यो। त्यसयता विभिन्न सरकारका पालामा पुनः सञ्चालनको चर्चा उठे पनि ठोस योजना र प्रभावकारी कार्यान्वयनको अभावमा ती प्रयास सफल हुन सकेनन्।

हाल कारखानापरिसरमा रहेका करोडौँ रुपियाँ मूल्य बराबरका मेसिन, उपकरण, वर्कसप, आधुनिक छापाखाना तथा विद्युत् उत्पादनका संरचना प्रयोगविहीन अवस्थामा छन्। कारखानाका पूर्वकर्मचारीले धेरै उपकरण अझै उपयोग गर्न सकिने अवस्थामा रहेको दाबी गरेका छन्।

कारखानाका पूर्वकर्मचारी ७२ वर्षीय सेठ साहुका अनुसार रसियाबाट ल्याइएका अधिकांश मेसिन सामान्य मर्मत र सर्भिसिङपछि पुनः सञ्चालन गर्न सकिन्छ। "कारखाना बन्द हुँदा धेरै मेसिन सञ्चालन अवस्थामै थिए। केही उपकरण त छ महिनासमेत प्रयोग भएका थिएनन्," उहाँले भन्नुभयो। उहाँका अनुसार कारखानाभित्र रहेको आधुनिक छापाखाना अझै विभिन्न प्रकारका छपाइ कार्य गर्न सक्षम देखिन्छ। त्यस्तै वर्कसपमा रहेका लेथ मेसिन तथा फलामजन्य उपकरण प्रयोगमा ल्याएर मोटरसाइकल तथा अन्य सवारीसाधनका पार्टपुर्जा उत्पादन गर्न सकिने सम्भावनासमेत रहेको छ।

उद्योगपरिसरभित्र रहेको पावर हाउसमा विद्युत् उत्पादनका लागि आवश्यक इन्जिन, डाइनमो र नियन्त्रण प्रणालीसमेत सुरक्षित रहेको पूर्वकर्मचारीले बताउनुभयो। प्राविधिक परीक्षणपछि ती उपकरण पुनः प्रयोगमा ल्याउन सकिने उहाँको दाबी छ। कारखानाका सुरक्षा इन्चार्ज तुला खड्काका अनुसार लामो समयसम्म प्रयोगविहीन रहँदा उपकरणहरू कबाडमा परिणत हुने जोखिम बढ्दै गएको छ। हाल कारखानाको सुरक्षाका लागि केवल सात जना कर्मचारी कार्यरत छन् भने भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा केही भवनमा क्षति पुगे पनि मुख्य मेसिन सुरक्षित अवस्थामा रहेको सुरक्षा गार्ड खड्काले जानकारी दिनुभयो। उहाँले केही साना पार्टपुर्जा चोरी भए पनि मुख्य संरचना भने अझै सञ्चालनयोग्य रहेको दाबी गर्नुभयो।

स्थानीयवासी, उद्योगी व्यवसायी तथा सरोकारवालाले कारखानालाई आधुनिक उद्योग, औद्योगिक संग्रहालय वा बहुउद्देश्यीय आर्थिक केन्द्रका रूपमा विकास गर्नुपर्ने सुझाव दिँदै आएका छन्। उहाँहरूका अनुसार यसले औद्योगिक सम्पदाको संरक्षणसँगै रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रलाई नयाँ गति दिन सक्छ।

# श्रम शोषणको सिकार बनेका १६ नेपाली स्वदेश फर्किँदै

**अजय शाह**

महोत्तरी, २७ जेठ। रोजगारीका लागि भारत पुगेका महोत्तरीको बर्दिबास नगरपालिका–१४ स्थित मुसहर बस्तीका बालबालिका सहित १६ जना नेपालीलाई भारतको हरियाणा राज्यमा बन्धक बनाइएका अवस्थामा उद्धार गरिएको छ। उनीहरूलाई स्वदेश फर्काउने प्रक्रिया अघि बढाइएको छ।

आफन्त इण्डियाको सहकार्य, नयाँ दिल्लीस्थित नेपाली दूतावासको समन्वय तथा इलाका प्रहरी कार्यालय बर्दिबासको पहलमा उनीहरूको उद्धार गरिएको हो। इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी गुरु प्रसाद तिमिल्सिनाका अनुसार श्रम शोषणमा परेका उनीहरूलाई उद्धार गरी नेपाल फर्काउने तयारी भइरहेको छ। उद्धार टोलीका सदस्य अशोक सदाका अनुसार भारतीय प्रहरीको सहयोगमा बन्धक बनाइएकाहरूलाई मुक्त गरिएको हो। काम गरेबापतको पारिश्रमिकसमेत प्रहरीको पहलमा उपलब्ध गराइएको उहाँले बताउनुभयो।

पीडितहरूलाई डर, धम्की तथा यातना दिएर बन्धक बनाइएको बताइएको छ। उनीहरूले आफूमाथि भएको कुटपिट र यातनाका तस्बिर तथा भिडियो परिवारजनलाई पठाएपछि घटनाबारे जानकारी बाहिर आएको थियो। पीडितका आफन्तहरूले दोषीमाथि कानुनी कारबाही र उद्धारको माग गर्दै इलाका प्रहरी कार्यालय बर्दिबासमार्फत नेपाली दूतावासमा निवेदन दिएका थिए। वीरेन्द्र सदा, कारिचरण सदा,

–बाँकी अन्तिम पेजमा

# सर्लाहीमा प्रहरीमाथि आक्रमण : पूर्वप्रदेश सांसदलाई खोज्दै प्रहरी




काठमाडौँ, २७ जेठ। सर्लाहीको कविलासीस्थित सलेमपुरमा दुर्घटनाको विषयमा विवाद हुँदा प्रहरीलाई आक्रमण गरेको घटनामा मधेस प्रदेशका पूर्वसांसद जोडिएका छन्। पूर्वप्रदेश सांसद अशोककुमार यादवलाई सर्लाही प्रहरीले पक्राउ गर्न खोजेको छ। तर, उनी फेला परेका छैनन्। यादवविरुद्ध अभद्र व्यवहार सम्बन्धी कसुरमा अनुसन्धान भइरहेको सर्लाहीका एसपी रवीन्द्र पौडेलले रातोपाटीलाई बताए। उनले भने, 'उहाँमाथि अनुसन्धान भइरहेको छ।'

यादव २०७४ मा मधेसी जनअधिकार फोरमको तर्फबाट प्रदेशसभा सदस्य थिए। अहिले उनी नेपाली कम्युनिस्ट पार्टीमा आबद्ध छन्। जेठ २५ मा राति ९ बजेतिर यादवको स्वामित्वमा रहेको ज. १ त.२५५० नम्बरको ट्याक्टरले रोकेर राखेको ना.६ख. ७६२३ नम्बरको ट्रकलाई ठक्कर दिएको थियो। ट्रक कविलासी नगरपालिका–८ स्थित अगर्वामा रोकेर राखिएको थियो। ठक्कर दिएर भाग्दै गरेको ट्याक्टरलाई प्रहरीले रोकेर दुवै सवारी चालकलाई छलफल गरेर मेलमिलाप गर्न र कुरा नमिलेमा प्रहरी कार्यालयमा हिँड्न आग्रह गरेको थियो। त्यसपछि ट्याक्टर चालकले अशोक यादवलाई खबर गरेर बोलाएका थिए।

यादव घटनास्थलमा पुगेपछि उनीसँगै गएका व्यक्तिहरूले प्रहरीलाई घेरेर आक्रमण गरे। यादव नेतृत्वको समूहले प्रहरीलाई आक्रमण गरेर ट्याक्टर भगाएको एसपी पौडेलले बताए। उनले भने 'उहाँहरूले तथानाम गाली गर्दै प्रहरीलाई आक्रमण गर्नुभएको थियो, त्यसबारे अनुसन्धान हुँदैछ।' कुटपिटमा संलग्न दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा यादवका भतिज कविलासी नगरपालिका–१० सलेमपुर घर भएका १९ वर्षीय विक्रमकुमार यादव र भाञ्जा भारतीय नागरिक २१ वर्षीय प्रियाङ्शु यादव छन्। उनीहरू विरुद्ध प्रहरीले अभद्र व्यवहार कसुरमा म्याद लिएर अनुसन्धान गरिरहेको छ। पूर्वप्रदेश सांसद यादव पनि सलेमपुरका स्थानीय हुन्।

# बुटवलमा कर्मचारीसँग मिलेर साहुले नै चोरे पसलको सुन

बुटवल, २७ जेठ। बुटवल अमरपथको तिनाउ सुन चाँदी पसलमा गत जेठ १७ गते राति भएको चोरीमा पसल सञ्चालक र कर्मचारीकै संलग्नता रहेको पाइएको छ। घटनाबारे एक हप्ताको अनुसन्धानबाट चोरीमा पसल सञ्चालक दीपक सेन्चुरी र कर्मचारी नवीन विकको संलग्नता पुष्टि भएको रूपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक जनकबहादुर शाहीले बताए। चोरी भएको मध्य ५ तोला सुन र २५ तोला चाँदी दीपकको घरबाट बरामद भएको शाहीले बताए। पसलका सञ्चालक दीपक सेन्चुरीले करिब ७० तोला बराबरको सुनका गहना र काचो सुन चोरी भएको प्रहरीलाई बताएका थिए।

रातको समयमा पसलको च्यानल गेटको ताला खोलेर सटरलाई एक फुट माथि तानेर चोरभित्र पसेको, सुन र गहना राखिएको लकरको तालालाई करिब ५० वटा फरक फरक चाबी प्रयोग गरेर लिएर गएको पाइएको थियो। चोरी हुँदाको समयमा पसल सञ्चालक दीपक सेन्चरी पोखरा गएको प्रहरीलाई बताए पनि अनुसन्धानबाट उनी बुटवलमै भएको खुलेको छ। पसलको सीसीटिभी क्यामेरा बिग्रेको समयमा चोरी भएकाले घटना शंकास्पद देखिएको प्रहरीको अनुमान थियो। चोरीको घटना जेठ १७ गते राति भए पनि दीपकले आफू पोखराबाट फर्किंदै गरेको बताएर सोमबार साँझ अबेर प्रहरीलाई चोरीबारे जानकारी गराएका थिए।

चोरीको घटनापछि पसल सञ्चालकले एक करोड ४६ लाख ९४ हजार सात सय बराबरको सुनचाँदीका गरगहनाहरू चोरी भएको बताएका थिए। पसलको बिमा दाबी गर्न र अन्य मानिसहरुले पसलमा राख्न दिएको सुन र पैसा फिर्ता गर्न नपर्ने सोची योजनाबद्ध रुपमा चोरीको नाटक गरेको अनुसन्धानमा खुलेको छ। दीपक र नवीनलाई पक्राउ गरी अपराधिक विश्वासघात मुद्दामा म्याद लिएर अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डीएसपी निशान्त श्रीवास्तवले बताए।

उक्त पसल भाडाको सटरमा करिब ४० वर्षदेखि सञ्चालनमा छ। पसलमा एकजना आफन्त र एकजना कामदार गरी दुई जना कर्मचारी थिए। प्रारम्भिक अनुसन्धानमा पसलको सीसीटिभी क्यामेरा बिग्रेको जानकारी भएको व्यक्तिको घटनामा संलग्नता हुन सक्ने प्रहरीले अनुमान गरेको थियो। सोहीअनुसार प्रहरीले विभिन्न कोणबाट अनुसन्धान गर्दा सञ्चालक र आफन्तसमेत रहेका कर्मचारी नवीनको नै संलग्नता भेटिएको श्रीवास्तवले बताए। सीसीटिभी फुटेजको सहयोगले दीपक र नवीन चोरीमा संलग्न भएको पत्ता लगाउन सकिएको उनले बताए।

# जीतपुरसिमरामा मापदण्डविपरीत सञ्चालित संस्थागत विद्यालयमाथि कारबाही सुरु

**शारदा पोखरेल**

बारा, २७ जेठ। जीतपुरसिमरा उपमहानगरपालिकाले मापदण्डविपरीत सञ्चालनमा रहेका संस्थागत (निजी) विद्यालयहरूमाथि कारबाही प्रक्रिया अघि बढाएको छ। उपमहानगरले प्राथमिक र आधारभूत तहको कक्षा सञ्चालन अनुमति लिएर निम्न माध्यमिक र माध्यमिक तहका कक्षा सञ्चालन गरिरहेका विद्यालयहरूलाई कारबाहीको दायरामा ल्याएको हो।

सोमवार एक सूचना जारी गर्दै उपमहानगरले मापदण्डविपरीत कक्षा सञ्चालन गर्ने ८ वटा विद्यालयको अनुमति खारेज मुद्दासम्मको चेतावनी दिएको छ। चेतावनी दिइएका विद्यालयहरूमा वडा नं. १७ स्थित एड्भान्स इङ्ग्लिस बोर्डिङ स्कुल, वडा नं. १८ को मिसन एकेडेमी उचिडी र डुमरवाना पब्लिक इङ्ग्लिस बोर्डिङ स्कुल रजघट्टा, वडा नं. ७ स्थित अम्ब्रेला एकेडेमी, वडा नं १ को न्यू होराइजन, अमलेखगञ्जस्थित नाइट एञ्जल, लिटल एञ्जल र वडा नं. २२ चकरीस्थित आदर्श किड्स ल्यान्ड स्कुल रहेका छन्।

यी विद्यालयहरूले पालिकाबाट स्वीकृत अनुमतिभन्दा माथिल्लो कक्षामा पठनपाठन गराएको, अभिभावकलाई भ्रममा पारी भर्ना गराएको र एउटा विद्यालयमा अध्ययनरत विद्यार्थीलाई अर्को विद्यालयबाट परीक्षा फारम भराई परीक्षामा सहभागी गराएको पाइएकाले अनुमति खारेजसम्मको चेतावनी दिइएको उपमहानगरले जनाएको छ। उपमहानगरको शिक्षा महाशाखाले स्वीकृत प्राप्त कक्षामा मात्र विद्यार्थी भर्ना र पठनपाठन गराउन विद्यालयहरूलाई निर्देशन दिएको छ।

यसअघि जेठ १९ गते बसेको नगर शिक्षा समितिको बैठकले नियमविपरीत सञ्चालनमा रहेका ४ वटा संस्थागत विद्यालयहरू बन्द गर्ने निर्णय गरेको थियो। बन्द गरिएका विद्यालयहरूमा वडा नं. १ स्थित माउन्ट एभरेष्ट, वडा नं। ३ स्थित रोज एकेडेमी, वडा नं। ७ स्थित अम्ब्रेला अंग्रेजी बोर्डिङ स्कुल र वडा नं. १९ स्थित बाबुलाल एकेडेमी रहेका छन्। उपमहानगरपालिकाले यी विद्यालयहरूमा विद्यार्थी भर्ना नगराउन अभिभावकहरूलाई समेत अनुरोध गरेको छ।

यीमध्ये माउन्ट एभरेष्टले कक्षा १२, रोज र अम्ब्रेलाले कक्षा ५ तथा बाबुलाल एकेडेमीले कक्षा ३ सम्मको मात्र अनुमति पाएका थिए। अनुमतिभन्दा फरक ढंगले सञ्चालन भएकाले यी विद्यालयले अब कक्षा सञ्चालन गर्न पाउने छैनन्। शैक्षिक सत्र सुरु भइसकेपछि विद्यालय बन्द गराउने उपमहानगरको यस निर्णयलाई स्थानीय स्तरमा चासोका साथ हेरिएको छ। सिमरास्थित न्यू होराइजन इङ्ग्लिस स्कुलका संस्थापक सञ्चालक अभिषेक राजनले आफ्नो विद्यालय सञ्चालनको अनुमति प्रक्रियामै रहेकाले तत्कालका लागि कारबाही प्रक्रिया अगाडि नबढाउन अनुरोध गरेका छन्। 'हामी आफैँ अरूलाई नियम–कानुन पालना गर्न सिकाउँछौँ, त्यसैले उपमहानगरको निर्णयविरुद्ध जाने कुरा आउँदैन, उनले भने, हामी प्रक्रियामा रहेकाले केही समय थप गरिदिन मात्र अनुरोध गरेका हौँ।'

प्राथमिक र आधारभूत तहको अनुमति लिएर निम्न माध्यमिक र माध्यमिक तह सञ्चालन गर्ने विद्यालयहरूले विद्यार्थीलाई परीक्षा भने अन्य विद्यालयको नामबाट दिलाउने गरेका थिए। उपमहानगरपालिका शिक्षा महाशाखाका अधिकृत हरिश भट्टले बन्द गरिएका विद्यालयका विद्यार्थीहरूको भविष्य अन्योलमा नपर्ने स्पष्ट पारेका छन्। माउन्ट एभरेष्टबाहेक अन्य तीन विद्यालयका विद्यार्थीलाई यसअघि नै छिमेकी विद्यालयहरूमा स्थानान्तरण गरिसकिएको जानकारी दिँदै भट्टले माउन्ट एभरेष्टका विद्यार्थीलाई पनि अर्को विद्यालयमा सार्न उपमहानगरपालिकाले आवश्यक सहजीकरण गर्ने बताए।

'विद्यार्थीहरूको शैक्षिक निरन्तरताको जिम्मेवारी उपमहानगरपालिकाले लिन्छ। विद्यार्थीहरू अलपत्र परेका भन्ने कुरामा सत्यता छैन,' अधिकृत भट्टले भने, 'यस विषयमा कुनै पनि भ्रममा नपर्न म अनुरोध गर्दछु।'

**किन बन्द गरिए विद्यालय ?**

शिक्षा अधिकृत भट्टका अनुसार मापदण्डविपरीत र एउटै भवनमा दुई वटा विद्यालय सञ्चालन गरेको पाइएकाले ती विद्यालयहरू बन्द गरिएका हुन्। अनुमति लिएको स्थानभन्दा अन्यत्र लगेर विद्यालय सञ्चालन गरेको समेत पाइएको उनको भनाइ छ। जीतपुरसिमरा वडा नं १ ठेगाना रहेको माउन्ट एभरेष्ट स्कुल हाल वडा नं २१ अमलेखगञ्जमा सञ्चालित छ। सोही भवनमा विद्यालयका सञ्चालकले 'नाइट एञ्जल' नामक अर्को निजी विद्यालयसमेत सञ्चालन गरिरहेका छन्। एउटै भवनमा दुई वटा विद्यालय सञ्चालन नगर्न पटक–पटक सचेत गराउँदा समेत बेवास्ता गरिएपछि विद्यालय बन्द गरिएको भट्टले जानकारी दिए।

यसैगरी रोज एकेडेमीका सञ्चालकले 'न्यू एकता' नामक विद्यालय सञ्चालनमा ल्याएका थिए। रोज र न्यू एकता पनि एउटै भवनमा सञ्चालन भएकाले एउटा विद्यालय बन्द गरिएको हो। त्यस्तै, बाबुलाल एकेडेमीका सञ्चालकले 'मिडल्यान्ड एकेडेमी' र अम्ब्रेला एकेडेमीका सञ्चालकले सोही नामको अर्को विद्यालय सञ्चालनमा ल्याएका थिए। एउटै भवनमा दुई विद्यालय सञ्चालन गर्न नमिल्ने कानुनी प्रावधानका कारण ती विद्यालय बन्द गरिएको शिक्षा शाखाले जनाएको छ।

जीतपुरसिमरा उपमहानगरपालिकाभित्र हाल ४६ वटा संस्थागत विद्यालयहरू सञ्चालनमा छन्। उपमहानगरले पछिल्लो समय निजी विद्यालयहरूको नियमनमा कडाइ गर्दै आएको छ। यसै शैक्षिक सत्रदेखि उपमहानगरले संस्थागत विद्यालयहरूको शुल्क निर्धारण गर्नुका साथै अनलाइन आवेदनमार्फत छात्रवृत्ति छनोट परीक्षा समेत सञ्चालन गरेको थियो।

## *श्रम शोषणको...*

अशोक सदा, अमरलाल सदा र मनोहर सदाले आफ्ना छोराछोरी तथा श्रीमतीहरू बन्धक बनेको भन्दै उद्धारका लागि पहल गर्न अनुरोध गर्नुभएको थियो।

प्रारम्भिक विवरणअनुसार उनीहरूलाई २७ मार्च २०२६ मा भारतको हरियाणा राज्यअन्तर्गत झज्जर जिल्लाको हेलन गाउँस्थित कुखुरा फार्ममा अन्डा संकलन गर्ने काममा राम्रो आम्दानी हुने प्रलोभन देखाएर लगिएको थियो। तर त्यहाँ पुगेपछि उनीहरूलाई श्रम शोषण गर्दै बन्धक बनाइएको आरोप लागेको छ।

# कुटपिटको आरोप लागेपछि पूर्व प्रदेशसभा सदस्य यादव फरार

**जनार्जन खत्री**

सर्लाही, २७ जेठ। सवारी दुर्घटनाको विषयलाई लिएर प्रहरीमाथि कुटपीट गरेको आरोप लागेपछि पूर्व मधेश प्रदेश सभा सदस्य एवं नेपाली कम्युनिस्ट पार्टीका नेता अशोक यादव फरार भएका छन्। प्रहरीमाथि कुटपिटमा संलग्न रहेको आरोपमा प्रहरीले यादवका भतिजा र भान्जालाई भने नियन्त्रणमा लिएर कारबाही अघि बढाएको छ। सोमबार राति कविलासी नगरपालिका –८, अगर्वामा पार्किङ गरिएको ना. ६ ख. ७६२३ नम्बरको ट्रकमा पूर्व मधेश प्रदेश सभा सदस्य यादवको ज. १ त. २५५० नम्बरको ट्याक्टर गएर ठोक्किएको थियो।

उक्त दुर्घटनापछि यादवसहित २०–२५ जनाको समूहले दुर्घटनास्थलमा खटिएका प्रहरीमाथि कुटपिट गरी ट्याक्टर लिएर फरार भएका प्रहरीको आरोप छ। उक्त घटनापछि थप मद्दतमा पुगेको प्रहरीले सोमबार रातिदेखि नै यादवसहित घटनामा संलग्न अन्य व्यक्तिको खोजी गरेको थियो। त्यसक्रममा पूर्व प्रदेश सभा सदस्य यादवको भतिजा कविलासी नगरपालिका–१०, सलेमपुर बस्ने १९ वर्षीय बिक्रमकुमार यादव र भान्जा भारतीय नागरिक २१ वर्षीय प्रियांशु यादवलाई पक्राउ गरेको हो। उनीहरूविरुद्ध मङ्गलबार सर्लाही जिल्ला अदालतबाट अभद्र व्यवहार मुद्दामा आठ दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमले जानकारी दिनुभयो।

प्रहरीले फरार रहेका पूर्व प्रदेशसभा सदस्य यादवको सोमबार रातिदेखि खोजी जारी राखे पनि अहिले साँझसम्म उनी पक्राउ पर्न सकेका छैनन्। मङ्गलबार दिउँसो ठुलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी यादवलाई पक्राउ गर्न भनी कविलासी नगरपालिका–१०, सलेमपुरस्थित घरमा पुगेको थियो। खानतलासी लिँदा यादव घरमा नभेटिएपछि प्रहरी टोली फर्किएको छ। प्रहरी कारबाहीमा बाधा पुगेको र प्रहरीमाथि हातपात गरेको आरोपमा यादवको खोजी जारी रहेको डिएसपी गौतमले गोरखापत्र अनलाइनलाई बताउनुभयो।

यादवले मङ्गलबार बिहान सामाजिक सञ्जाल फेसबुकमार्फत भिडियो सार्वजनिक गर्दै आफूले अन्याय, अत्याचार र भ्रष्टाचारविरुद्ध आवाज उठाउँदा प्रशासन र प्रहरीले अनेक लाञ्छना लगाएर फसाउने काम गरेको आरोप लगाउनुभएको थियो। यादव बारम्बार विवादमा परिरहने पात्र हुन्। त्यसबेला यादव करिब एक महिना प्रहरी हिरासतमा बसेर एक लाख ६० हजार रुपियाँ धरौटी बुझाएर रिहा भएका थिए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)